कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास कार्यालय, हुम्ला

प.सं.: ०८३/०८४

च.नं.: ३१

मितिः२०८३/०४/२९

विषयः साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम संचालन सम्बन्धमा ।

श्री अदानचुली गाउँपालिका, हुम्ला ।

प्रस्तुत विषयमा यस कृषि विकास कार्यालय हुम्लाको आ.व. ०८३-०८४ को वार्षिक स्वीकृत साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम तहाँ स्थानीय तह अन्तर्गत विभिन्न वडामा संचालन हुने भएकोले उक्त योजनाहरुको सूची यसै पत्र साथ संलग्न छ। उक्त योजनाहरु कार्यन्वयनको लागि तपसिलको शर्त तथा प्रक्रियाहरु पुरा गरी (उक्त विनियोजित बजेटबाट कार्यसम्पन्न हुने भएमात्र) एक आधिकारीक उपभोक्ता समिति गठन गर्नु पर्ने भएकोले सम्बन्धित वडा कार्यालयमा जानकारी पठाई सहयोग गरिदिन हुन अनुरोध छ। साथै उक्त योजना कार्यान्वयनको क्रममा निरन्तर अनुगमन, सहजीकरण तथा समन्वय गरीदिन हुन समेत अनुरोध छ ।

प्रक्रिया तथा शर्तहरुः

(१) स्वीकृत बजेट भित्र औचित्य सहित आयोजना सम्पन्न हुने प्राविधिकको स्थलगत प्रतिबेदन प्राप्त भए पछी मात्र संचालन प्रक्रिया अगाडी बढाउने अन्यथा आयोजना सम्पन्न गर्न रकम थप गर्नुपर्ने अवस्थामा थप रकम सुनिश्चित गरी मात्र संचालन गर्ने ।

(२) आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम कार्यन्वयन मार्गदर्शनको बजेट निकासा तथा बजेट कार्यान्वयन सम्बन्धी व्यवस्थाको बुदा नं २१ बमोजिम राजनैतिक दलका स्थानीय पदाधिकारी, जनप्रतिनिधि र निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारी उपभोक्ता समितिमा रहन नपाउने र उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने गरि सम्झौता भएको आयोजनालाई प्रत्यक्ष वा परोक्ष रुपमा निर्माण व्यवसायी मार्फत कार्यान्वयन गराउन पाईने छैन।

(३) उपभोक्ता समिति गठन गर्दा सम्बन्धित स्थानीय तहका जनप्रतिनीधि (वडा अध्यक्ष/ वडा सदस्य/ कार्यपालिका सदस्य) को संयोजकत्वमा कृषि विकास कार्यालयले खटाएको कर्मचारी वा स्थानीय तहको कर्मचारीको अनिवार्य उपस्थितिमा लाभग्राहि (शुरु मुहान देखि अन्तिम विन्दु सम्म) उपभोक्ताहरुको आम भेलाको निर्णयबाट उपभोक्ता समिति गठन हुनु पर्नेछ ।

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास कार्यालय, हुम्ला

प.सं.: ०८३/०८४

च.नं.: ३१

मितिः२०८३/०४/२९

(४) सिचाईको मुहान, योजना स्थल र सिचाई योजनाको बिषयमा कुनै पनि विवाद नभएको र कार्यक्रमको दोहोरोपना नभएको लिखित निर्णय गर्नुपर्नेछ। *सम्बधित वडा र स्थानीय तहको सिफारिसमा पनि कुनै बिबाद नभएको र दोहोरोपना नभएको अनिवार्य खुलाउनु पर्नेछ* ।

(५) उपभोक्ता समितिमा कम्तिमा अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कुनै एक पदमा महिला अनिवार्य पर्ने गरी ७ देखि ११ सदस्यीय समिति गठन भएको हुनु पर्नेछ ।

(६) कुनै एक घरपरिवारको एक जना मात्र सदस्य रहन पाउने छ । र कुनै अन्य योजनाको उपभोक्ता समिमिमा रहेको ब्यक्ति यस योजनाको उपभोक्ता समितिमा बस्न पाउने छैन।

(७) उपभोक्ता समितिको पदाधिकारी पदमा लेखपढ गर्न सक्ने, आफै हिसाब गर्न र योजना सम्बन्धि सम्पूर्ण लेखाजोखा कागजात तयार गर्न सक्ने हुनु पर्नेछ ।

उपभोक्ता समितिले योजना सम्पन्न पश्चात मर्मत सम्भार तथा रेखदेखको सम्पूर्ण जिम्मेवारी सम्बन्धित समिति/समुदायको हुने प्रतिवद्धता गरेको निर्णय हुनु पर्नेछ।

सिंचाई योजनाहरुको विवरणः

| क्र.स. | सिंचाई योजनाको नाम र ठेगाना | बजेट रु |
|---|---|---|
| १ | जाल हान्ने देखि ठिन्नकी ज्यूला साना सिंचाई, अदानचुली गापा ६ | ८ लाख |
| २ | भालु दुला देखि सिदाङ्ग सम्म साना सिंचाई योजना, अदानचुली गाउँपालिका वडा ६ | ७ लाख |
| ३ | गैरागाउँ साना सिंचाई योजना अदानचुली १ | ६ लाख |
| ४ | भित्ता खोला देखि त्लिआम्ला साना सिंचाई योजना अदानचुली ४ | ७ लाख |
| ५ | सिमज्युला सिचाइ योजना, अदानचुली -५, हुम्ला | ८ लाख |
| ६ | बाझघाट देखि बक्तसम्म सिंचाई अदानचुली गापा ३ हुम्ला | ५ लाख |
| ७ | लौठीपाल्त साना सिंचाई, अदानचुली गापा ४ हुम्ला | ७ लाख |
| ८ | कुलिमुलदेखि मालिकाकोट वास्ठाना सिचाई कुलो निर्माण अदानचुली गापा ३ | ८ लाख |
| ९ | बिगोठी सिंचाई योजना अदानचुली ४ | ८ लाख |
| | जम्मा | ६४ लाख |

बोधार्थः

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत ।

चुडामणी पन्त

कार्यालय प्रमुख